# पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि, २०७८

## आर्थिक वर्ष २०७८/७९

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७८/०७/०८)

**प्रदेश सरकार**

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# <u>पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि, २०७८</u>

<u>**प्रस्तावना**</u>: निर्वाहमुखी र परम्परागत पशुपन्छी तथा मत्स्यपालन क्षेत्रलाई व्यावसायिक बनाई पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वको वृद्धिबाट कृषकहरुको जीवनस्तरमा सुधार तथा आर्थिक उन्नति मार्फत प्रदेशलाई पशुपन्छी तथा मत्स्य जन्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले **"पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि, २०७८"** बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो कार्यविधिको नाम **"पशुपन्छी तथा मत्स्य विकास संचालन कार्यविधि, २०७८"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

**(क) "आवेदक"** भन्नाले कार्यविधि र सार्वजनिक सूचना मुताबिक प्रस्ताव पेश गर्न योग्य कृषक समूह/सहकारी/नीजि उद्यमिलाई सम्झनु पर्छ ।

**(ख) "कार्यालय"** भन्नाले मन्त्रालय र अन्तर्गका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।

**(ग) "निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश सम्झनु पर्छ ।

**(घ) "प्रस्ताव"** भन्नाले कार्यालयले सार्वजनिक गरेको अनुदान सम्बन्धी सूचना अनुसार आवेदकले निर्धारित ढाँचामा तयार गरी पेश गरेको अवधारणा पत्र तथा कार्ययोजना सहितको आवेदन सम्झनु पर्छ ।

**(ङ) "विज्ञ केन्द्र"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

**(च) "मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

**(छ) "साझेदार संस्था"** भन्नाले छनौट भई कार्यालयसंग द्विपक्षीय सम्झौता गर्ने पशुपन्छी तथा मत्स्यपालनमा आबद्ध कृषक समूह/सहकारी/निजि उद्यमिलाई सम्झनु पर्छ ।

३. <u>**उद्देश्य**</u>: यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ;-

क. पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरि आय आर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने,

ख. दूध, फुल, माछा र मासुको उत्पादन लागत कम गर्ने,

ग. उन्नत स्रोत केन्द्रहरुको विस्तार गरि पशुपन्छी, मत्स्य र पशु आहारामा प्रदेशलाई आत्मनिर्भर बनाउने,

घ. निर्यात योग्य, गुणस्तर योग्य बनाउन आवश्यक असल पशुपन्छी तथा मत्स्यपालन अभ्यास जस्ता विषयलाई अबलम्बन गर्ने,

ङ. पशुपन्छी तथा मत्स्यपालक कृषकहरुलाई व्यावसायमूखी बनाई रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

४. **प्रस्ताव आवह्नानः** कार्यालयले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदक संस्थाहरुलाई लक्षित गरी प्रस्ताब पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा तिस दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पूनः पन्ध्र (१५) दिनको समय सिमा राखी एक पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ । आवेदन पेश गर्दा अनुसूची-२ अनुसारका कागजात सहित पेश गर्नुपर्नेछ ।

५. **प्रस्ताव दर्ताः** कार्यक्रममा सहभागी हुन अनुसूची-३ बमोजिमका न्यूनतम मापदण्ड पुरा गरेका ईच्छुक साझेदार संस्थाले दफा ४ मा उल्लेखित समय सिमा भित्र आवश्यक कागजात सहित अनुसूची-४ बमोजिमको आवेदन पत्र र अनुसूची- ५ बमोजिमको कार्ययोजना बनाई आवेदन दर्ता गर्नु पर्नेछ ।

६. **आवेदकको योग्यताः** आवेदकको योग्यता देहाय बमोजिम रहेको छ,-

(क) अनुदानका लागि आबेदन पेश गर्दा आवेदक संस्थाले छनौट गरेको क्षेत्रको उद्देश्यलाई समेटेर सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ र सम्बन्धित कार्यालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मिति भन्दा पहिले संस्था दर्ता भएको हुनुपर्नेछ ।

(ख) आवेदक कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको हुनुपर्ने छ । यसका लागि आवेदकले स्व-घोषणा गर्नु पर्नेछ ।

(ग) आवेदकले विगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट सोही प्रकृतिको कामको लागि रु. २ लाख वा सो भन्दा बढी अनुदान सहयोग नलिएको हुनुपर्नेछ (यसको लागि आवेदकले स्व-घोषणा गर्नु पर्नेछ) | यदि आवेदक संस्थाले २ लाख भन्दा कम

अनुदान पाएको भए सो अनुदान रकमको सदुपयोग गरेको हुनुपर्नेछ र त्यसको पनि स्व-घोषणा गर्नु पर्नेछ।

(घ) आवेदक संस्थाले आवेदन दर्ता गर्नका लागि अनुसूची-३ मा उल्लेख भए बमोजिम न्युनतम मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

७. **प्रस्ताव मूल्यांकन तथा स्थलगत प्रमाणीकरणः** (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकन गरी स्थलगत प्रमाणिकरण पश्चात कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २ जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित मूल्यांकन समितिले अनुसूची -९ बमोजिम मूल्यांकनका गर्दा ५० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटका लागि कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

८. **प्रस्तावको जानकारीः** स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निबेदन/उजुरी गर्न सम्बन्धित संस्थालाई सात (७) दिनको समय सिमा राखी सूचना प्रकाशन गरिनेछ ।

९. **सम्झौताः** (१) स्वीकृत प्रस्ताबका आवेदकहरु संग कार्यालयले अनुसूची-१० बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम कार्यन्वयन गर्नेछ ।

(२) तोकिएको अवधि भित्र द्विपक्षीय सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदक संग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गरिने छ ।

## परिच्छेद-३
## कार्यक्रम संचालनको आर्थिक पक्ष

१०. **भुक्तानी प्रक्रियाः** (१)अनुदान रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइने छैन ।

(२) वार्षिक स्वीकृत कार्यकमको बजेट परिधि भित्र रही कार्यक्रम संचालनका लागि बढीमा ५० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

(३) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछी नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा

अनुदान रकमको दुई प्रतिशत कन्टिनजेन्सी र नियमानुसार कर कट्टा गरि हुन आउने रकम साझेदारको बैंक खातामा भुक्तानी  गर्नेछ । साझेदार संस्थाले सम्झौता अनुसार पेश्की रकम माग गरेमा रनिङ्ग बिलका आधारमा अनुदान रकमको बढीमा २५ प्रतिशत सम्म पेश्की स्वरूप उपलब्ध गर्न सक्नेछ |

## परिच्छेद-४

## विविध

११. **प्रगति प्रतिबेदनः** अनुदान प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिबेदन सम्बन्धित कार्यालयमा र कार्यालयले  एक तह माथिको पठाउनु पर्नेछ ।

१२. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन र परिमार्जन गर्न सक्नेछ ।

१३. **कारबाहीको व्यवस्थाः** साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र दुई (२) वर्ष सम्म प्रदेश सरकारबाट संचालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१४. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानून संग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

# अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

**प्रस्ताव आह्वानको सूचनाको ढाँचा**

प्रथम पटक प्रकाशित मितिः............................

........*(कार्यालयको नाम)*............आ.व................को स्वीकृत वार्षिक कार्यकम अनुसार........*(कार्यक्रमको नाम)*.....कार्यक्रम संचालनका लागि ......*(कार्यक्रम क्षेत्र)*....... अन्तर्गतका ईच्छुक पशुपालक कृषक समूह/सहकारी/ निजि उद्यमिले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र रु. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि, २०७८ को अनुसूची-२ अनुसारका कागजातहरु, अनुसूची ४ बमोजिमको आबेदन पत्र र अनुसूची-५ बमोजिमको कार्ययोजना संलग्न राखी .............*(कार्यालयको नाम)*............मा आबेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

## अनुसूची-२

<u>(दफा-५ सँग सम्बन्धित)</u>

### आवेदन पत्र साथ संग्लग्न गर्नु पर्ने कागजातहरु

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

२) कृषक समूह/सहकारी/ निजि उद्यमि दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३) गत आ.व.को लेखा परिक्षण प्रतिबेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज)

४) कृषक समूह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि,

५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच (५) वर्षको करार सम्झौता पत्र,

६) सम्बन्धित स्थानीय तहको सिफारिस,

७) अनुसूची-७ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,

८) समूह/सहकारीले अनुदान माग गर्दा अनिबार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

९) आवेदकले बिगतका वर्षमा सोहि प्रकृतिको कार्यक्रममा २ लाख भन्दा बढी अनुदान नलिएको वा २ लाख भन्दा कम अनुदान रकम लिएको भए  अनुदान रकमको सदुपयोग गरेको स्व-घोषणा पत्र,

१०) कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको स्व-घोषणा पत्र,

११) वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धि स्व-घोषणा पत्र ।

अनुसूची-३

(दफा-५ संग सम्बन्धित)

कार्यक्रममा सहभागिताका लागि न्युनतम मापदण्ड

| क्र.स. | अनुदान प्रबाह गरिने विषयहरु | |
|---|---|---|
| १. | **कार्यक्रमको नाम : गाई, भैसी प्रवर्द्धन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | १. गाई, भैसीको स्वच्छ तथा स्वस्थ दुध उत्पादन र उत्पादकत्व वृद्धि गरि पोषण सुरक्षामा टेवा पुर्याउने,<br>२. प्रदेशलाई दुधमा आत्मनिर्भर बनाउने,<br>३. रोजगारीको सृजना गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) गाई/भैंसीको गोठ निर्माण तथा मर्मत सुधार (निजिको हकमा कम्तिमा ५० गाई/भैंसी अट्ने र समूह/सहकारीको हकमा प्रति सदस्य कम्तिमा ५ गाई/भैंसी अट्ने गोठ )<br>(२) मुत्र व्यव जैविक सुरक्षा (बारबन्देज, फुट बाथ, व्हिल बाथ, मलमुत्र व्यवस्थापन) सम्बन्धि कार्य,<br>(३) ट्रेभिज निर्माण,फार्म मेशिनरी औजार तथा उपकरणहरु खरिद (ब्रस कटर, चाफ कटर, काउ म्याट, दुध दुहुने मेशिन, मिल्क क्यान, जेनेरेटर, जेट प्रेसर, औषधि ड्रेनचिङ गन, काउ लिफ्टिङ मेसिन, आदि),<br>(४) घाँस खेति विस्तार,<br>(५) स्थलगत तालिम,<br>(६) परजीवी नियन्त्रण, खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदक यदि निजि फार्म भएमा कम्तिमा १५ र समूह/सहकारी भएमा प्रति सदस्य कम्तिमा २ वटा प्रजनन् योग्य गाई/भैंसीपालन गरेको हुनुपर्नेछ ।<br>(२) समूहको हकमा कम्तिमा १० जना सदस्य हुनु पर्नेछ । |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| २. | **कार्यक्रमको नाम : भेडा, बाखा प्रवर्द्धन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) गुणस्तरीय मासु, उन तथा पश्मिनाको उत्पादन र |

| | | |
|---|---|---|
| | | उत्पादकत्व वृद्धि गर्ने,<br>(२) प्रदेशलाई मासुमा आत्मनिर्भर बनाउने,<br>(३) रोजगारीको सृजना गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) खोर निर्माण (निजि फार्म भएमा कम्तिमा ५० माउ भेंडा/बाख्रा र समूह/ सहकारी भएमा कम्तिमा प्रति सदस्य कम्तिमा १० माउ भेंडा/बाख्रा अट्ने)<br>(२) यार्ड निर्माण,<br>(३) जैविक सुरक्षा (बारबन्देज, फुट बाथ, व्हिल बाथ, मलमुत्र व्यवस्थापन) सम्बन्धि कार्य,<br>(४) फार्म मेशिनरी औजार तथा उपकरण खरिद (चाफ कटर, ब्रस कटर, जेट प्रेसर, जेनेरेटर, औषधि ड्रेन्चिङ गन, ऊन काट्ने तथा धागो बनाउने मेशिन, फिड मेसिन, आदि),<br>(५) घाँस खेति विस्तार,<br>(६) स्थलगत तालिम,<br>(७) परजीवी नियन्त्रण, खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदक यदि निजि फार्म भएमा कम्तिमा ५० र समूह/समिति/सहकारी भएमा प्रति सदस्य ५ वटा माउ भेंडा/बाख्रापालन गरेको हुनुपर्नेछ ।<br>(२) समूहको हकमा कम्तिमा १० जना सदस्य हुनु पर्नेछ । |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| **३.** | **कार्यक्रमको नाम : बंगुर प्रवर्द्धन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) गुणस्तरीय मासुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,<br>(२) प्रदेशलाई मासुमा आत्मनिर्भर बनाई निर्यात बढाउने,<br>(३) रोजगारीको सृजना गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | **(१)** खोर निर्माण (निजि फार्म भएमा कम्तिमा ५० माउ बंगुर अट्ने र समूह/सहकारी भएमा प्रति सदस्य कम्तिमा १० माउ बंगुर अट्ने )<br>**(२)** प्रजनन्का लागि उन्नत भाले (बिर) खरिद, |

| | | |
|---|---|---|
| | | **(३)** जैविक सुरक्षा (मलमुत्र व्यवस्थापन ,बारबन्देज) सम्बन्धि कार्य<br>**(४)** फार्म मेशिनरी औजार तथा उपकरणहरु खरिद (पिग क्याचर, ब्रस कटर, जेट प्रेसर, फिड मेशिनम, औषधि ड्रेनचिङ गन, आदि),<br>**(५)** स्थलगत तालिम,<br>**(६)** परजीवी नियन्त्रण, खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदक यदि निजि फार्म भएमा कम्तिमा २० र समूह/सहकारी भएमा प्रति सदस्य २ वटा माउ बंगुर पालन गरेको हुनुपर्नेछ ।<br>(२) समूहको हकमा कम्तिमा १० जना सदस्य हुनु पर्नेछ । |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| ४. | **कार्यकमको नामः बदेल प्रजनन् तथा अनुसन्धान केन्द्र विस्तार कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) गुणस्तरीय मासुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,<br>(२) बदेलपालनको सम्भाव्यतामा थप खोज अनुसन्धान गर्ने,<br>(४) प्रदेशलाई मासुमा आत्मनिर्भर बनाउने,<br>(५) रोजगारीको सृजना गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | **(१)** खोर निर्माण (निजि फार्म भएमा कम्तिमा १०० माउ बँदेल र समूह सहकारी भएमा कम्तिमा प्रति सदस्य १० माउ बँदेल अट्ने),<br>**(२)** बदेलका पाठा/पाठी खरिद,<br>**(३)** जैविक सुरक्षा (मलमुत्र व्यवस्थापन, बारबन्देज) सम्बन्धि कार्य,<br>**(४)** फार्ममेशिनरीऔजारतथाउपकरणहरु खरिद (पिग क्याचर, ब्रस कटर, जेट प्रेसर, फिड मेशिनम औषधि ड्रेनचिङ गन, आदि),<br>**(५)** स्थलगत तालिम,<br>**(६)** परजीवी नियन्त्रण, खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| (घ) | न्यूनतम मापदण्ड | (१) सम्बन्धित निकायबाट प्रचलित ऐन बमोजिम बदेल |

| | | |
|---|---|---|
| | | पालनका लागि अनुमति लिएको हुनु पर्नेछ,<br>(२) समूहको हकमा कम्तिमा १० जना सदस्य हुनु पर्नेछ । |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| | नोटः कार्यक्रम सम्पन्न पश्चात निजि फार्म भएमा कम्तिमा ५० वटा र समूह/सहकारी भएमा कम्तिमा ५ वटा पाठा/पाठी पालन गरेको हुनु पर्नेछ । | |
| **५.** | **कार्यक्रमको नाम : खरायो प्रवर्द्धन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) गुणस्तरीय मासुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,<br>(२) प्रदेशलाई मासुमा आत्मनिर्भर बनाउने,<br>(३) गुणस्तरीय उन उत्पादन गर्ने,<br>(४) रोजगारीको सृजना गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) खोर निर्माण, बारबन्देज,<br>(२) प्रजनन् योग्य खरायो खरिद,<br>(३) घाँस खेति,<br>(४) फार्म मेशिनरी औजार तथा उपकरणहरु खरिद (ऊन काट्ने मेशिन, फिड मेशिन, आदि)<br>(५) स्थलगत तालिम,<br>(६) परजीवी नियन्त्रण, खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदक यदि निजि फार्म भएमा कम्तिमा ३०० र समूह/सहकारी भएमा प्रति सदस्य ३० वटा माउ खरायो पालन गरेको हुनुपर्नेछ ।<br>(२) समूहको हकमा कम्तिमा १० जना सदस्य हुनु पर्नेछ । |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| | नोटः कार्यक्रम सम्पन्न पश्चात निजि फार्म भएमा कम्तिमा ५०० वटा प्रजनन् योग्य खरायो र समूह/सहकारी भएमा कम्तिमा प्रति सदस्य ५० वटा प्रजनन् योग्य खरायो पालन गरेको हुनु पर्नेछ । | |
| **६.** | **कार्यक्रमको नामः ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) अण्डा र मासुका उत्पादन र उत्पादकत्व वृद्धि गरि पोषण सुरक्षामा टेवा पुराउने,<br>(२) प्रदेशलाई मासुमा आत्मनिर्भर बनाउने,<br>(३) रोजगारीको सृजना गर्ने । |

| | | |
|---|---|---|
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) खोर निर्माण, मर्मत सुधार<br>(२) जैविक सुरक्षा (फुटबाथ, व्हिल बाथ, बारबन्देज) सम्बन्धि कार्य,<br>(३) मेसिनरी औजार उपकरण खरिद (मिनी ह्याचीङ मेसिन, ब्रुडङ खोरमा राख्ने हईग्रोमिटर, थेर्मोमिटर, आदि)<br>(४) स्थलगत तालिम,<br>(५) परजीवी नियन्त्रण, खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| (घ) | न्यूनतम मापदण्ड | (१) कम्तिमा ५०० संख्यामा ग्रामिण कुखुरा (नेपालको स्थानीय, न्युह्यामसायर, बल्याक अस्ट्रालोर्प, गिरिराजा) पालन गरेको, |
| (ङ) | आवेदक | समूह/ निजि उद्यमि |
| **७.** | **कार्यक्रमको नामः कालिज प्रवर्द्धन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) कालिजको चल्लाको उपलब्धता वृद्धि गर्ने,<br>(२) मासु उत्पादन वृद्धि गरि सर्वसाधारणको पहुँच बढाउन,<br>(३) कृषि पर्यटन प्रवर्द्धन गर्ने,<br>(४) रोगजारीको सिर्जना गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) ब्रुडङ खोर निर्माण,<br>(२) खुल्ला क्षेत्रमा टहरा निर्माण,<br>(३) तारबार, नेट, फुट बाथ , ह्विल बाथ निर्माण<br>(४) मेसिनरी औजार उपकरण खरिद (ह्याचीङ मेसिन, फिड मेसिन, ब्रुडर, ब्रुडङ खोरमा राख्ने हईग्रोमिटर, थेर्मोमिटर, आदि),<br>(५) स्थलगत तालिम,<br>(६) परजीवी नियन्त्रण, खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदकले कम्तिमा ५०० संख्यामा कालिज पालन गरेको हुनुपर्ने ।<br>(२) प्रति कालिज २० बर्ग फिट खुल्ला क्षेत्रफलका हिसाबले कम्तिमा १००० कालिज अट्ने क्षेत्रफल हुनुपर्ने । |
| (ङ) | आवेदक | निजि उद्यमि |
| **८.** | **कार्यक्रमको नामः जैविक सुरक्षा सहितको गोठ/खोर निर्माण एवं सुधार** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) जैविक सुरक्षाका बिधिहरु अवलम्वन गरि पशु रोग |

| | | |
|---|---|---|
| | | न्यूनीकरण गर्ने,<br>(२) स्वच्छ र स्वस्थ दूध तथा मासुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (३) गोठ/खोर निर्माण (तारबार, नेट, फुट बाथह्विल , बाथसहितको)<br>(४) पुरानो गोठ/खोर मर्मत सुधार (फिडर, ड्रिङकर, गटर मर्मत/निर्माण, भुइँ ढलान, छानो मर्मत, टाड निर्माण/मर्मत)। |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत |
| (घ) | न्यूनतम मापदण्ड | (१) कम्तिमा ५ वटा गाई/भैंसी, २५ माउ बाखा तथा ५ वटा माउ बंगुरपालन गरेको हुनु पर्ने ।<br>(२) गोठ/खोर निर्माण तथा सुधार गर्दा कम्तिमा १० दुहुना गाई/भैंसी, ३० माउ बाखा, तथा १० माउ बंगुर अट्ने गरि निर्माण तथा सुधार गर्नु पर्नेछ । |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| **९.** | **कार्यक्रमको नामः साना कृषक लक्षित गाई/भैंसी प्रवर्द्धन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) साना किसानको जीविकोपार्जनमा टेवा पुर्याई व्यावसायिक रुपमा पशुपालन गर्न प्रोत्साहन गर्ने,<br>(२) स्वच्छ र स्वस्थ दूधको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) गोठ निर्माण तथा सुधार (कम्तिमा ५ वटा गाई/भैसी अट्ने),<br>(२) काउ म्याट, मिल्क क्यान खरिद । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत सम्म |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदकले २-५ वटा सम्म गाई/भैसी पालिरहेको हुनु पर्ने, |
| (ङ) | आवेदक | समूह/सहकारी |
| **१०.** | **कार्यक्रमको नामः मझौला कृषक लक्षित गाई/भैसी प्रवर्द्धन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) मझौला किसानलाई व्यावसायिक रुपमा पशुपालन गर्न प्रोत्साहन गर्ने,<br>(२) स्वच्छ र स्वस्थ दूधको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) गोठ निर्माण (तारबार, फुट बाथह्विल बाथ , सहितको), |

| | | |
|---|---|---|
| | | (२) फार्म मेशिनरी यन्त्र तथा उपकरण खरिद (काउ म्याट, चाफ कटर, मिल्क क्यान) । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत सम्म |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदकले ६-१५ वटा सम्म गाई/भैंसी पालिरहेको हुनुपर्ने छ । |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| **११.** | **कार्यक्रमको नामः रेन्बो ट्राउट तथा असला माछा** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) माछाको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,<br>(२) स्थानीय जातको असला माछाको संरक्षण गर्ने,<br>(३) कृषि पर्यटनमा टेवा पुराउने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) रेश्वे निर्माण,<br>(२) माछाका भुरा खरिद,<br>(३) मत्स्य ह्याचरी निर्माण,<br>(४) तारबार<br>(५) मेसिनरी औजार तथा उपकरण खरिद (जाली, फिड मेसिन, पी. एच. मिटर, आदि) |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत सम्म |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदकले कम्तिमा १००० संख्यामा रेन्बो ट्राउट/असला माछापालन गरेको हुनुपर्ने ।<br>(२) प्राबिधिक दृष्टिकोणले रेन्बो ट्राउट/असला माछापालन गर्न उपयुक्त हुनु पर्ने । |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| | नोटः असला माछाको हकमा सम्बन्धित स्थानीयतहको जनप्रतिनिधि, अनुदान प्रदान गर्ने कार्यालय र मत्स्य विज्ञको उपस्थितिमा उत्पादनको कम्तिमा ३ प्रतिशत भुरा प्राकृतिक जलासय/नदिनाला मा छोड्नु पर्नेछ (ह्याचरी स्थापना गरेको हकमा) । | |
| **१२.** | **कार्यक्रमको नामः घाँसेवाली श्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) घाँस खेति गरी बीउ/सेट्स/स्लिप, बेर्नाको उपलब्धतामा सहज गर्ने,<br>(२) घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (३) भौगोलोक क्षेत्र अनुसार सम्बन्धित कार्यालयले सिफारिस गरेका हिउँदे, वर्षे, तथा बहुवर्षीय घाँस खेति गरी बीउ/सेट्स/स्लिप/बेर्ना खरिद गरि उत्पादन तथा बिक्रि वितरण गर्नुपर्ने, |

| | | |
|---|---|---|
| | | (४) तारबार<br>(५) आकाशे पानी संकलन टंकी/पोखरी निर्माण,<br>(६) सिड बिन खरिद,<br>(७) घाँसेबाली नमुना प्रदर्शन स्थल निर्माण । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत सम्म |
| (घ) | न्यूनतम मापदण्ड | (१) आवेदकले कम्तिमा १० कट्ठा क्षेत्रफलमा घाँस खेति गरी बीउ/सेट्स/स्लिप/बर्ना बिक्रि वितरण गरेको हुनुपर्ने। |
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| | नोटः कार्यक्रम सम्पन्न पश्चात साझेदार संस्था संग कुनै पनि सरकारी निकायले घाँस बीउ/सेट्स/स्लिप/बर्ना माग गरेमा तोकिएको जिल्ला दररेटमा उपलब्ध गराउनु पर्नेछ । | |
| **१३.** | **कार्यक्रमको नामः घाँसेवाली क्षेत्र विस्तार कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्ने,<br>(२) घाँस खेति गरि बाझो जमिनको सदुपयोग गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) भौगोलोक क्षेत्र अनुसार सम्बन्धित कार्यालयले सिफारिस गरेका हिउँदे, वर्षे, तथा बहुवर्षीय घाँसका बीउ/सेट्स/स्लिप/बर्ना वितरण |
| (ग) | अनुदान रकम | सम्बन्धित कार्यालयले खरिद गरी वितरण गर्ने |
| (घ) | न्यूनतम मापदण्ड | (१) गाई, भैसी, भेडा, बाख्रापालन गरेको हुनुपर्ने । |
| (ङ) | आवेदक | गाई, भैंसी, भेडा, बाख्रापालक कृषकहरु |
| **१४.** | **कार्यकमको नामः क्षेत्रफलको आधारमा घाँस उत्पादनमा प्रोत्साहन कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्ने,<br>(२) घाँस खेति गरि बाझो जमिनको सदुपयोग गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) भौगोलोक क्षेत्र अनुसार सम्बन्धित कार्यालयले सिफारिस गरेका हिउँदतथा ,वर्षे बहुवर्षीय घाँसको बीउ/स्लिप/सेट्स/बेर्ना खरिद । |
| (ग) | अनुदान रकम | (१) हिउँदे घाँसको हकमा प्रति हेक्टर क्षेत्रफलका लागि अधिकतम रु. २५,००० र बहुवर्षीय डाले तथा भुइँ घाँसको हकमा प्रति हेक्टर क्षेत्रफलका लागि अधिकतम रु. ४०,००० |
| (घ) | न्यूनतम मापदण्ड | (१) व्यावसायिक रुपमा पशुपालन गरेको हुनुपर्ने । |

| | | |
|---|---|---|
| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
| **१५.** | **कार्यक्रमको नामः कबुलियती वन तथा पशु विकास कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) हैसियत बिग्रिएको जग्गामा घाँस विस्तार गर्ने,<br>(२) घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्ने,<br>(३) निम्नवर्गका कृषकहरुको जीविकोपार्जन सुधार गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) घाँस खेति विस्तार (भुइँ घाँस र डाले घाँस),<br>(२) उन्नत जातको बोका खरिद (प्रति समूह २ वटा),<br>(३) स्थानीय जातको माउ बाख्रा खरिद (प्रति सदस्य २ वटा),<br>(४) बाख्राको खोर निर्माण/सुधार,<br>(५) कृषक स्तर ३ दिने स्थलगत तालिम,<br>(६) परजीवी नियन्त्रण तथा खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | (१) विनियोजित बजेटको अधिनमा रही बढीमा ५० प्रतिशत सम्म । |
| (घ) | न्यूनतम मापदण्ड | (१) प्रति समूहबाट १० जना कृषक सदस्य लाभान्वित हुने गरि प्रस्ताव पेश गर्नु पर्नेछ । |
| (ङ) | आवेदक | कबुलियती वन समूह/सहकारी |
| **१६.** | **कार्यक्रमको नामः पशुपन्छी आनुवांशिक संरक्षण तथा श्रोत विकास कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) स्थानीय जातका पशुपन्छी तथा मत्स्यको संरक्षण गर्ने,<br>(२) गुणस्तरीय दूध, फुल, मासु, माछा उत्पादन तथा उत्पादकत्व वृद्धि । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) गोठ, खोर तथा मत्स्य पोखरी निर्माण तथा सुधार,<br>(२) स्थानीय जातका पशुपन्छी तथा मत्स्य खरिद,<br>(३) जैविक सुरक्षा (मलमुत्र व्यवस्थापन ,बारबन्देज) सम्बन्धिकार्य,<br>(४) फार्म मेशिनरी औजार तथा उपकरणहरु खरिद (दुध दुहने मेशिन, चाफ कटर, ब्रस कटर, जेट प्रेसर, काउम्याट मिल्क क्यान, फिड मेसिन, औषधि ड्रेनचिङ, ब्रुडर, आदि),<br>(५) कृषक स्तर ३ दिने स्थलगत तालिम,<br>(६) परजीवी नियन्त्रण तथा खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको परिधिमा रही बढीमा ५० प्रतिशत सम्म |

<table>
<tr>
<td>(घ)</td>
<td>न्यूनतम मापदण्ड</td>
<td>(१) आवेदकले न्यूनतम तपसिलको संख्या/क्षेत्रफलमा पशुपन्छी तथा मत्स्यपालन गरेको हुनु पर्नेछ ।

| पशुपन्छी तथा मत्स्य प्रजाति | प्रस्ताव पेश गर्दा हुनुपर्ने | कार्यक्रम सम्पन्न पश्चात हुनुपर्ने |
| --- | --- | --- |
| गाई/भैंसी | आवेदकले कम्तिमा ५ संख्यामा स्थानीय गाई/भैसी पालन गरेको हुनुपर्ने । | कार्यक्रम सम्पन्न पश्चातकम्तिमा ५० संख्यामा स्थानीय गाई/भैसी वा १०० पाडापाडी/बाच्छाबाच्छी पालन गर्नु पर्ने । |
| भेंडा/बाख्रा | आवेदकले कम्तिमा २५ संख्यामा स्थानीय भेंडा/बाख्रापालन गरेको हुनुपर्ने । | कार्यक्रम सम्पन्न पश्चात कम्तिमा १०० संख्यामा स्थानीय भेंडा/बाख्रापालन गर्नु पर्ने । |
| बंगुर | आवेदकले कम्तिमा १० संख्यामा स्थानीय बंगुरपालन गरेको हुनुपर्ने । | कार्यक्रम सम्पन्न पश्चात कम्तिमा ५० संख्यामा स्थानीय बंगुरपालन गर्नु पर्ने । |
| कुखुरा | आवेदकले कम्तिमा १०० संख्यामा स्थानीय कुखुरापालन गरेको हुनुपर्ने । | कार्यक्रम सम्पन्न पश्चात कम्तिमा ५००संख्यामा स्थानीय कुखुरापालन गर्नु पर्ने । |
| माछा | आवेदकले कम्तिमा १० कट्ठा तराईमा र ३ कट्ठा पहाडमा | कार्यक्रम सम्पन्न पश्चात कम्तिमा ३० कट्ठा तराईमा र १० कट्ठा पहाडमा स्थानीय |
</td>
</tr>
</table>

| | | |
|---|---|---|
| | | स्थानीय माछा पालन गरेको हुनुपर्ने ।<br>मत्स्यपालन गर्नु पर्ने ।<br>(२) आवेदकले जुन कृषक समूह/सहकारी/फार्मबाट स्थानीय जातका पशुपन्छी तथा मत्स्य खरिद गर्ने हो सो संस्थाले स्थानीय जातका पशुपन्छी तथा मत्स्य उपलब्ध गराउन सक्ने आसय पत्र हुनु पर्ने । |
| (ङ) | आवेदक | निजि उद्यमि |
| १७. | **कार्यक्रमको नामः दुध उत्पादन, प्रवर्द्धन तथा दुग्ध पदार्थ विविधिकरण सम्बन्धि कार्यक्रम**<br>*(दुग्ध उत्पादन तथा प्रवर्द्धन कार्यक्रम, नीजिक्षेत्रको लागत सहभागितामा गाईपालन प्रवर्द्धन तथा दुग्ध पदार्थ विविधिकरण कार्यक्रम, मोजरेल्ला चिज उत्पादन सहयोग कार्यक्रम )* | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) गुणस्तरीय दुध उत्पादन र विविधिकरण गरि पोषण सुरक्षामा टेवा पुर्याउने,<br>(२) प्रदेशलाई दुधमा आत्मनिर्भर बनाई निर्यात बढाउने,<br>(३) रोजगारीको सृजना गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) गाई/भैसीको गोठ निर्माण तथा सुधार,<br>(२) स्वच्छ र स्वस्थ दुध उत्पादन र विविधिकरणमा प्रयोग हुने यन्त्र उपकरणहरु खरिद (दुध दुहुने मेशिन, चिलीङ्ग भ्याट, मिल्क एनलाईजर, रसायन खरिद तथा अन्य दुग्ध विविधिकरणमा प्रयोग हुने उपकरणहरु) |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको परिधिमा रही बढीमा ५० प्रतिशत सम्म |
| (घ) | न्यूनतम मापदण्ड | (१) दुग्ध उत्पादन तथा प्रवर्द्धन कार्यक्रम र नीजिक्षेत्रको लागत सहभागितामा गाईपालन प्रवर्द्धन तथा दुग्ध पदार्थ विविधिकरण कार्यक्रमका लागि आवेदक यदि निजि फार्म भएमा कम्तिमा १५ र समूह/सहकारी भएमा प्रति सदस्य कम्तिमा ३ वटागाई/भैंसीपालन गरेको हुनुपर्नेछ ।<br>(२) दुग्ध पदार्थ विविधिकरणका लागि दूधको श्रोत खुल्ने प्रमाण भएको हुनु पर्ने । |

| (ङ) | आवेदक | समूह/सहकारी/निजि उद्यमि |
|---|---|---|
| **१८.** | **कार्यक्रमको नामः जिल्लाबाट संचालन हुने पशु श्रोत केन्द्र विकास कार्यक्रम** | |
| (क) | विशिष्ट उद्देश्यहरु | (१) उन्नत नश्लका प्रजनन् योग्य तथा उत्पादनशील गाई, भैसी, भेडा, बाख्रा तथा बंगुरको श्रोत केन्द्र स्थापना गरी उपलब्धता बढाउने ।<br>(२) असल पशुपालन अभ्यास अनुसरण गर्दै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय दूध तथा मासुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने । |
| (ख) | लगानी योग्य क्रियाकलापहरु | (१) गोठ/खोर निर्माण तथा सुधार,<br>(२) जैविक सुरक्षा सम्बन्धि कार्य (तारबार, मलमुत्र व्यवस्थापन),<br>(३) प्रजनन् योग्य उन्नत गाई/भैसी, साढे/राँगो, भेंडा/बाख्रा, थुमा/बोका, बंगुर, बिर खरिद,<br>(४) फार्म मेसिनरी औजार तथा उपकरणहरु खरिद (दुध दुहने मेशिन, मिल्क क्यान, ब्रस कटर, चाफ कटर, औषधि ड्रेन्चिङ गन, फिड मेशिन, पिग क्याचर, आदि)<br>(५) घाँस खेति विस्तार (हिउँदे/वर्षे/बहुवर्षीय)<br>(६) स्थलगत तालिम,<br>(७) परजीवी नियन्त्रण तथा खोप कार्य संचालन । |
| (ग) | अनुदान रकम | विनियोजित बजेटको परिधिमा रही बढीमा ५० प्रतिशत सम्म |
| (घ) | न्यूनतम मापदण्ड | कम्तिमा २० संख्यामा गाई/भैंसी, ५० संख्यामा माउ भेंडा/बाख्रा र २० संख्यामा माउ बंगुर पालन गरेको हुनुपर्ने । |
| (ङ) | आवेदक | निजि उद्यमि |

## अनुसूची-४

**(दफा ५ संग सम्बन्धित)**

**आवेदनको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू,

................(कार्यालयको नाम)..................

मितिः.......................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ कार्यालयकोको मिति ................................ मा ............................... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार "....................................................कार्यक्रम" संचालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निबेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधि मा भएका शर्त र मापदण्ड परिपालना गरि कार्यकम संचालन गर्ने प्रतिबद्धता गर्दछु/छौं साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

संग्लग्न कागजातहरु,

१) ..........................,

२) ..........................,

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :

औंठा छाप

| दाँया | बाँया |
| --- | --- |
| | |

अनुसूची-५

(दफा ५ संग सम्बन्धित)

कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. आवेदक संस्था

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | : | |
| ठेगाना | : | |
| संस्था दर्ता भएको मिति र निकाय | : | |
| सम्पर्क व्यक्तिको नाम र पद | : | |
| सम्पर्क नं. | : | |
| इमेल | : | |
| कार्यकम हुने स्थान | : | |

१.२ संचालक समिति/कार्य समिति पदाधिकारीहरुको नामावली

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१.३ शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रमा तालिम

| क्र.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्यता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिम अवधि | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने बारे संचालक समितिको निर्णय र निर्णय मितिः

साधारण सदस्य संख्याः (क) पुरुष ........................... (ख) महिला.............................

शेयर सदस्य संख्याः (क) पुरुष ........................... (ख)

महिला.............................

१.३ स्थापनाकालका कियाकलापहरुः................................................................

१.४ हालका क्रियाकलापहरुः........................................................................

१.५ हाल सम्म सम्पन्न मुख्य मुख्य कार्यहरुः........................................................

**२. पशुपन्छी तथा मत्स्यपालनको अवस्थाः**

| क.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या/क्षेत्रफल | कार्यक्रम पश्चात पालिने संख्या/क्षेत्रफल (प्रस्तावित) | कैफियत |
|---|---|---|---|---|
| १. | | | | *पशुपन्छीको शारीरिक अवस्था (बाच्छा/बाच्छी/पाठा/पाठी/माउ/भाले आदि) अनुसार छुट्टा छुट्टै उल्लेख गर्नु पर्ने)* |
| २. | | | | |
| ३. | | | | |

**३. जग्गा सम्बन्धि विवरण**

| क.स. | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता न. | कैफियत |
|---|---|---|---|---|
| (क) | **भौतिक संरचना** | | | |
| | | | | |
| | | | | |
| (ख) | **घाँस खेति** | | | |
| | | | | |
| | | | | |

४. ऋण लिएको विवरण

ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्था वा सहकारीबाट लिएको ऋणको विवरणः

| लगानी गर्ने बैंक/वित्तीय संस्था | ऋण लिनुको उद्देश्य | रकम रू. | ऋण लिएको अवधि | सम्पूर्ण ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेका क्रियाकलापहरु र उपलब्धिहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

५. रोगजारीको अवस्था (संचालक/कार्य समिति बाहेक)

| क्र.स. | पद | शैक्षिक योग्यता | महिला/पुरुष | सम्बन्धित क्षेत्रमा कार्य अनुभव |
|---|---|---|---|---|
| हालको रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| कार्यक्रम संचालन पश्चात थप रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. चरन क्षेत्र, मेशिनरी औजार तथा नविनतम प्रबिधिको प्रयोग

(क) चरन क्षेत्र र घाँसखेतिको क्षेत्रफल.......................................................

- प्रमुख घाँसका जातहरु ............................................................

(ख) संचालनमा आएका मेशिनरी औजारहरु..................................................

(ग) नविनतम प्रबिधिको प्रयोग..................................................................

७. वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरणः

कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन ? र ती जोखिम न्यूनीकरण गर्नका लागि के के योजना छन् ?

८. वर्तमानको समस्याहरुः

..........................................................................................................

(उत्पादन तथा बजारीकरण संग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने ।)

पहिचान भएका समस्याहरुको समाधानका लागि बनाइएका योजनाहरुः

| क.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

९. कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफल

| क.स. | क्रियाकलापको नाम | आधार रेखा (हालको अवस्था) | कार्यक्रम संचालन पछिको अपेक्षित प्रतिफल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| *(नोटः प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्नु पर्ने)* | | | | | | |

१०. उत्पादित बस्तुको बजारीकरणको योजना

| क.स. | उत्पादित बस्तु | उत्पादन परिमाण | उत्पादित बस्तुको बजार | खरिद कर्ता संग भएको सम्झौता | बजारीकरणको योजना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

११. साझेदारीमा लगानी गर्नुपर्ने रकमको सुनिच्छितता (आवेदकले लगानी गर्ने)

| क्र.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ति श्रोत | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

१२. आर्थिक प्रस्ताव

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | अनुदान रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची- ६

## <u>स्व-घोषणा पत्र</u>

श्रीमान कार्यालय प्रमुख ज्यू,

*...........(कार्यालयको नाम)..........*

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति................., का दिन............... पत्रिकामा प्रकाशित सूचना अनुसार, .......................... स्थित ............................. ले ........................................... कार्यक्रम प्रास्ताब पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं यदि यस स्व- घोषणामा केहि झुठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

<u>तपसिल,</u>

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।
२. कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।
३. बिगत २ वर्ष यता कुनै पनि सरकारी निकायबाट २ लाख वा सो भन्दा बढी रकम बराबरको अनुदान रकम लिएको छैन ।

वा

**दुई (२) लाख भन्दा कम रकम बराबर अनुदान प्राप्त गरेको भएमा,**

विगत २ वर्ष यता (आ.व................) ............................ सरकारी निकायबाट...................... रकम बराबर अनुदान रकम लिएको र सो रकम..................... काममा खर्च गरी सदुपयोग गरेको छु/छौं

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

आवेदकको नामः

पदः

ठेगानाः


संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :

## अनुसूची-७

## सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र देखि कार्यक्रम संचालन गरिने स्थानसम्मको नक्सा



अनुसूची-८

<u>स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा</u>

कार्यक्रमको नामः

आवेदक संस्थाको र ठेगाना :

स्थलगत प्रमाणीकरण मितिः

**१. भौतिक पूर्वाधारको अवस्था**

| भौतिक पूर्वाधार | भए (√)/ नभएको (X) | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुबिधा | | |
| ....................................... | | |

**२. चरन तथा घाँस खेतिको अवस्थाः**

| | चरन क्षेत्र | घाँस खेति |
|---|---|---|
| मुख्य घाँसका जातहरु | | |
| घाँस खेति क्षेत्रफल | | |
| जग्गाको स्वामित्व | | |

**३. पशुपालन तथा उत्पादनको अवस्था**

| पशु प्रजाति | पशु संख्या | | | उत्पादन बिक्रि (दुध/मासु) |
|---|---|---|---|---|
| | माउ | बाच्छा/बाच्छी/पाठा /पाठी | साढे/राँगो/बोका/बिर | |
| गाई | | | | |
| भैंसी | | | | |
| बाख्रा | | | | |
| बंगुर | | | | |
| बदेल | | | | |

४. पन्छीपालन तथा उत्पादनको अवस्था

| जात | पशु संख्या | | उत्पादन | |
|---|---|---|---|---|
| | भाले | पोथी | अण्डा | मासु |
| ग्रामिण कुखुरा | | | | |
| कालिज | | | | |
| अन्य .... | | | | |

५. मत्स्य पालन तथा उत्पादनको अवस्था

| जात | मत्स्य पालन क्षेत्रफल | मत्स्य उत्पादन |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

६. प्रयोग भईरहेका मेशिनरी औजार/उपकरणहरु

| नाम | संख्या |
|---|---|
| | |
| | |
| | |

७. भौगोलिक हिसाब उपयुक्तता भए/नभएको ..........................

८. संस्थाले गरेका नविनतम कार्यहरु.........................................................

९. स्थलगत निरीक्षण टोलीको रायः

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/नरहेको ....................

१०. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरण

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची- ९

<u>(दफा ७ (३) संग सम्बन्धित)</u>

## <u>मूल्यांकन गर्ने आधारहरु</u>

कार्यक्रमको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

**मूल्यांकन**

| क्र.स. | सूचक | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुबिधा आदि) | १० | | |
| २. | संस्था दर्ता अवधि<br>*(संस्था दर्ता अवधि ५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गरिने)* | ५ | | |
| ३. | हाल पालिरहेको पशु/पन्छी/मत्स्य संख्या/क्षेत्रफल<br>(प्रस्ताब गरिएको कार्यक्रम संग सम्बन्धित मात्र) | १५ | | |
| ४. | घाँस खेतिको क्षेत्रफल (गाई, भैंसी, भेडा, बाखाको हकमा)<br>*(१ गाई/भैंसी वा ४ बाखाको लागि न्युनतम १ रोपनी (डेढ कट्टा) लाई पूर्ण अंक मानी मूल्यांकन गरिने)* | १५ | | |
| ५. | आहारा व्यवस्थापन (बंगुर/बदेल, पन्छी माछा तथा अन्य पशुको हकमा) | १५ | | |
| ६. | मेसिनरी औजार उपकरणको प्रयोग तथा नविनतम कार्यहरु | १० | | |
| ७. | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १५ | | |
| ८. | बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवद्ध<br>(५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि) | ५ | | |
| ९. | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| १०. | कार्ययोजना | १५ | | |
| **जम्मा** | | १०० | | |

*नोटः मूल्यांकन समितिले अनुसूची-९ मा उल्लेख भएका मूल्यांकनका सूचकलाई आधार मानी थप खण्डिकरण गरी मूल्यांकन गर्न सक्नेछ भने **साना कृषक लक्षित कार्यक्रमको** मूल्यांकनका आधारहरु मूल्यांकन समितिले निर्धारण गरी कार्यालयबाट स्वीकृत गर्नु पर्नेछ ।*

## अनुसुची –१०

**(दफा-९ संग सम्बन्धित)**

**द्विपक्षिय सम्झौता पत्र**

आर्थिक वर्ष ... मा संचालन हुने........ कार्यक्रमका लागि .........*(कार्यालयको नाम)*............ (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका ................ पालक साझेदार संस्था................(यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तानामाहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्विपक्षिय सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं।

**तपसिलः**

१. प्रथम पक्षले........कार्यक्रम संञ्चालनका लागि इस्टिमेट गरिएको रकम रू........(अक्षेरुपी.........) को कार्य सम्पन्न भए पछी .....*(कार्यालयको नाम)*.......... बाट उपलब्ध गराइने अनुदान रकम रु.........(अक्षेरुपी.........) को दुई प्रतिशत कन्टिनजेन्सी कट्टी गरी हुन आउने रकम रु ....(अक्षेरुपी........)मा नियमानुसार कर कट्टी पश्चातको रकम दोश्रो पक्षलाई वैंक खाता मार्फत भुक्तानी गर्नेछ।

२. दोश्रो पक्षले तपसिल अनुसारका क्रियाकलापहरु मिति .....भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | अनुदान रकम | स्वलागानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. दोश्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि नेपाल सरकारबाट मान्यता प्राप्त प्राबिधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ,

सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ् भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसार प्रथम पक्षले भुक्तानी गर्नेछ ।

४. दोश्रो पक्षले पशु/मत्स्य बिमा गरी बिमा अभिलेख प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले पशुको वंसावली रेकर्ड अनिबार्य राख्नु पर्नेछ ।

६. प्रथम पक्षले कुनैपनी बखत सञ्चालीत कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको सल्लाह/सुझाव दिन सक्नेछ।

७. दोस्रो  पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगती उपलब्धी एंव कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

८. दोस्रो पक्षले सम्झौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले अनुदान रकम भुक्तानी गर्ने छैन।

९. दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलीत ऐननियम बमोजिम सरकारी बाँकि/ बक्यौता सरह असुल उपर गर्नेछ।

१०. कार्यक्रम संञ्चालनको दौरानमा कुनै बिषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| निर्देशनालयको छाप | संस्थाको छापः |

| | |
|---|---|
| **रोहवर** | **रोहवर** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | संस्थाको छापः |

इतिसम्वत्.............साल..........महिना.............गतेरोज.............शुभम्।

**अनुसूची-११**

**सार्वजनिक सुचना पाटी**

(साइजः ५ फिट x ४ फिट)

प्रदेश सरकार

बागमती प्रदेश

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

...........................

कार्यक्रम/आयोजनाको नामः..........................................................

आयोजना संचालन गर्ने समूह/सहकारी/निजि उद्यमिको नामः..........................

ठेगानाः..............................

कार्यक्रम/आयोजनाको कुल लागतः रु. ....................

अनुदान रकमः रु.......................

साझेदार संस्थाको सहभागिताः रु....................

आयोजना अवधीः ................. देखि .....................

लाभग्राही संख्याः महिला.................. पुरुष.....................

कुल.....................

दलित.................... जनजाति.................

अन्य.....................

*(द्रटब्ब्यः सार्बजनिक सूचना पाटी फलामको फ्रेममा इनामेलको प्रयोग गरी लेखेको हुनु पर्नेछ।।)*